**जैग्वार संरक्षण**

फाउण्डेशन फर इन्डेन्जर्ड स्पेशिज (FES) ले ब्राजिलको प्यान्टनाल क्षेत्रमा जैग्वार संरक्षण कोष (JCF) सँग साझेदारी गठन गरेको छ । एउटा भर्खरको पोथी जैग्वारलाई अफिसरहरुले शान्त बनाउन खोज्दा एण्डि पनि त्यतै थिए र त्यसैबखत साझेदारी गरिएको थियो । स्थानीय संरक्षणविदहरुले केही वर्षसम्म जैग्वार को पिछा गर्न रेडियो कलर लगाइदिंदा एण्डि पनि साथै थिए । त्यसलाई जंगलमा फेरि छोड्नुअघि बेहोश बनाई जीवविज्ञहरुले (सिन्थिया कासिभाकुराको नेतृत्वमा) पूर्ण स्वास्थ्य परिक्षण गरे । एण्डिले त्यसको दाँत र पञ्जाहरु जाँचे किनकि शिकारी जनावरहरुलाई आफ्नो आहार खोज्नको लागि यी भागहरु अत्यन्तै स्वस्थ्य हुनुपर्छ । यो समूहले जैग्वारको गहन फोटोहरु खिचेको थियो । लियान्ड्रो सिल्भेइराद्बारा संचालन गरिने वन्यजन्तु संरक्षणको यस महत्वपूर्ण कार्यमा अधिकतम सामूहिक लाभ उठाउन वैदेशिक क्षेत्रको सहयोग चाहिन्छ । JCF संरक्षण गतिविधिमा सहभागी हुनुका साथै जैग्वार संरक्षण कार्यमा अग्रपंक्तिमा रहेको छ । अशिक्षित समाजले यस्ता कामहरु गर्न ब्राजिलका संरक्षणविदहरुलाई साथ नदिने हुँदा उनीहरुको काम र अवस्थाको कदर गर्नुपर्छ । यो सुन्दर जनावर र अन्य वन्यजन्तुहरुको लागि संरक्षणविदहरुले मात्र होइन कि हामीले पनि अन्तर्राष्ट्रिय समर्थन जुटाउनुपर्छ । अन्यथा उनीहरुले गरेको त्याग व्यर्थ हुनेछ । त्यसैले हामीले जनचेतना फैलाई भावी पुस्तालाई यी सुन्दर जनावरहरुको मारकाट गर्नबाट रोक्नुपर्छ । हामीले यही विषयमा नै हाम्रो कार्यको दिर्घकालीन असरहरुबारे सोच्नुपर्छ ।

जैग्वार संसारको एक अत्यन्त महत्वपूर्ण जनावर हो र हामीले गर्ने काममध्ये ब्राजिलको परियोजना उच्चतम अन्तर्राष्ट्रिय प्राथमिकतामा परेको छ । त्यसैले हाम्रो फाउण्ड्ेशनले बेलायत र अरु ठाउँहरुबाट रकम उठाउन सहयोग गरिराखेको छ । फाउण्ड्ेशन हुर्कंदै जाने क्रममा, च्यारिटिले विभिन्न गतिविधिहरुको विकास गर्नेछ जसबाट यो साझेदारीले लाभ लिन सकोस् । हामी यो सुन्दर जातिलाई लोप हुनबाट जोगाउन प्राप्त अवसरबारे सचेत छौं । अझ भन्नुपर्दा, यदि हामीले यो सूचक प्रजातिको वासस्थान बचाउन सक्यौंभने पर्या-प्रणालीभित्र रहेका सम्पूर्णलाई पनि बचाउन सक्छौं ।

भइरहेका कामलाई सुचारु ढंगले सञ्चालन गर्न परियोजनालाई रकम चाहिने भएकोले आर्थिक सहयोग मुख्य कुरा हुन आँउछ । एण्डिले सरकारी निकाय र अन्य दाताहरुसँग कुराकानी गरेका छन् । यसका साथै फाउण्ड्ेशनको आफ्नै योजनाहरु छन् जसमा जो कोहीले पनि सरोकार राख्न र व्यक्तिगत रुपमा सामेल हुन सक्छ । यो परियोजना विश्वमा महत्वपूर्ण मानिएको र एकै वासस्थानमा रहेका अरु जाति-प्रजातिको पनि रक्षा गर्ने क्षमता यो परियोजनामा रहेकोले “Andy Mydellton Wildlife Zone” रेडियो कार्यक्रमका प्रस्तोता एण्डिले यसलाई प्राथमिकता दिएका छन् । केही समयअघि बेलायतको कुकम एफएम मा प्रस्तुत हुँदा एण्डिले प्यान्टनालबारे आफ्नो अनुभव बाँड्दै JCF को कामबारे पनि जानकारी दिएका थिए । प्यान्टनालको क्षेत्रमा भएका वैज्ञानिक र जैविक कार्यहरुलाई अन्तर्राष्ट्रिय स्तरमा लैजान एण्डिले लेखहरु प्रकाशित गरेका छन् ।

यो जनावरको सौन्दर्य भनेको यसको शक्ति र आकर्षक छाला हो जुन यसको आफ्नै शत्रु हुन गएको छ । मानिसहरु यसलाई कि त घरपालुवा बनाउन खोज्छन् या त यसको भुत्लाको लुगा लगाउन चाहन्छन् । त्यसैले यसको महङ्गो मूल्यका लागि अनैतिक शिकारी र अवैध व्यापारीहरु लागिपरेका हुन्छन् । अझ अन्तर्राष्ट्रिय स्तरमै बेचबिखन र तस्करी हुनुले धेरै जनावरहरु मारिने गर्छन् । फाउण्डेशन PAW को सदस्य भएकोले जैग्वारको दुर्दशामाथि हामी सबैको ध्यानाकर्षण गराउन चाहन्छौं र कानून कार्यान्वयनकर्तालाई CITES (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora) अन्तर्गत् जनावरको रक्षा गर्न सहयोग गर्न चाहन्छौं । शिक्षाले यो कार्यमा पनि महत्वपूर्ण भूमिका खेल्ने भएकोले एण्डिको Earth Charter र यूनेस्कोको संलग्नताले जैग्वार र परियोजनाको लागि दिर्घकालीन फाइदा पुर्याउनेछ र विश्वमा जैग्वार को वर्तमान स्थितिको बारेमा अन्तर्राष्ट्रिय क्षेत्रमा जानकारी दिइनेछ ।